मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८१।०८२
च.न. : ६०५

E-mail: info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com

मितिः वि.स. २०८१।०६।२९

श्री वडा कार्यालय, सबै

श्री शाखा/उपशाखा/ईकाई, सबै

मनराशिसवा नगरपालिका ।

बिषयः सार्वजनिक सूचनाको जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको प.सं. ०८१/८२, च.नं. प्र./१२५, मिति २०८१/०६/२१ को सार्वजनिक सूचनाको जानकारी सम्बन्धी पत्र र सो पत्रसाथ मिति २०८१/०६/१८ गतेको गोरखापत्रमा प्रकाशित राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सूचना आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

(राजेश कुमार शर्मा)
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखा
नगरपालिकाको सूचनापाटी
website मा
०८१/६/२५

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:-१२५

मितिः- २०८१/०६/२१

ने.सं. ११४४ कौलाथ्व ४

विषयः- सार्वजनिक सूचनाको जानकारी सम्बन्धमा।

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै)।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प.सं. ०८१/८२, च.नं. प्र./२२६, मिति २०८१/०६/१८ को सहजीकरण सम्बन्धी पत्र र सो पत्रसाथ मिति २०८१/०६/१८ गतेको गोरखापत्रमा प्रकाशित राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सूचना आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार।

श्री सूचना प्रविधि शाखा:- Email मार्फत जानकारी गराइदिनुहुन।

मनराशिसवा नगरपालिका
दर्ता नं. ८८१
दर्ता मिति ०८१/०६/२५

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
# National Natural Resources and Fiscal Commission

मिति: २०८१।०६।१८
ने.स. ११४४ द्वितीया कौलाथ्व, शुक्रबार

प.सं. ०८१।८२
च.नं./Ref: २२६

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 9366
दर्ता मिति:- ६।२०

विषय: सहजीकरण सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी तीन तहका सरकारबीच बाँडफाँटका लागि भएका व्यवस्थाहरुलाई पुनरावलोकन गर्ने सम्बन्धी यस आयोगको यसै पत्रसाथ संलग्न सार्वजनिक सूचना सबै स्थानीय तह तथा सरोकारवालाको जानकारीका लागि तहाँ मन्त्रालयको वेवसाईटमा प्रकाशित गरिदिनु हुन आदेशानुसार अनुरोध छ।

(बिनीता भट्टराई)
उपसचिव

सादर अवगतार्थ:
श्रीमान् सचिवज्यू,
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।

गोरखापत्र
gorkhapatraonline.com



## प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी तीन तहका सरकारबीच बाँडफाँटका लागि भएका व्यवस्थालाई पुनरावलोकन गर्ने सम्बन्धी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको

## सूचना

नेपालको संविधान, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम यस आयोगले प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी सम्बन्धित प्रदेश र स्थानीय सरकारमा बाँडफाँटको लागि नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित व्यवस्थामा देहायबमोजिम अध्ययन कार्य अघि बढेको हुँदा सोसँग सम्बन्धित सरोकारवालाबाट सुझाव, गुनासो तथा अन्य विषय भए यो सूचना प्रकाशित भएको ३५ दिन (मिति २०८१ कार्तिक २३ गते) भित्र आयोगको निम्न लिखित ठेगानामा लिखितरुपमा उपलब्ध गराइदिनुहुन सम्बन्धित सरोकारवालालाई अनुरोध गरिन्छ।

१) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित अनुसूची-४ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारमा बाँडफाँट गरिने प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा क्रमशः ५०, २५ र २५ प्रतिशत रहेको छ। सोही ऐनबमोजिम रोयल्टी बाँडफाँडको उक्त अनुपात यस आयोगको सिफारिसमा प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्न नेपाल सरकारलाई सिफारिस गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्ने व्यवस्था रहेकाले हाल सोको पुनरावलोकन सम्बन्धमा अध्ययन भैरहेकाले सो सम्बन्धमा सुझाव पठाउनु हुन।

२) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित अनुसूची-४ बमोजिम सम्बन्धित प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने रोयल्टी आयोगले निर्धारण गर्ने व्यवस्था रहेकोमा हाल आयोगले तय गरेको आधार (सूचक) र ढाँचा (भार) समेतको पुनरावलोकन गर्ने सम्बन्धमा अध्ययन कार्य भइरहेको हुँदा सो सम्बन्धमा सुझाव पठाउनु हुन।

सुझाव पठाउने ठेगाना:

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**

सिंहदरबार, काठमाडौं

ईमेल ठेगाना:- info@nnrfc.gov.np, nnrfc.ktm@gmail.com